स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



माघे संक्रान्तिको अवसर पारेर माघ १ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिर'को पोस्टर सार्वजनिक भएसँगै विदेशमा यसको माग बढ्न थालेको छ। यससँगै निर्माण पक्षले फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्री सुरु गरेको छ। पहिलो चरणमा इजरायल, युएई, कतार, बहराइन, र मलेसियाका लागि फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको छ। यी ५ देशका लागि आशिष इन्टरटेन्मेन्टले फिल्मको राइट्स खरिद गरेको हो।

**आजको विचार...**



विदेशबाट...

*(दुई पेजमा)*

युवराज गौतम

चलचित्र 'हर्ष' प्रदर्शनमा आएको छ। शुक्रबार प्रदर्शनअन्तर्गत एकता पौडेलको निर्देशन रहेको यो चलचित्र आजदेखि देशभरका सिनेमाघरमा प्रदर्शनमा आएको हो। यस चलचित्रको बुधबार ललितपुरस्थित लविम मलमा प्रिमियर शो गरिएको थियो। प्रिमियरमा स्वर्गीय निर्देशक शिव रेग्मीकी श्रीमती ज्ञानु रेग्मीसहित चलचित्रका निर्माता, निर्देशक, लेखक, कलाकार र सञ्चारकर्मीको बाक्लो उपस्थिति थियो। फिल्म निर्माण तथा निर्देशन गर्ने आँट गरेकी छन् ।



❒ वर्ष ३१ अंक १२३ ❒ २०८२ मंसिर १४ गते आइतबार 30 November 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### श्रीलङ्कामा भीषण बाढी १२३ को मृत्यु

(रासस/एएफपी)

**कोलम्बो,** मंसिर १३/श्रीलङ्कामा देशभर परेको भारी वर्षा र बाढीका कारण हालसम्म १२३ जनाको ज्यान गएको छ भने १३० जना अझै बेपत्ता रहेका छन् । महानिर्देशक सम्पत कोटुवेगोदा अनुसार राहत कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ र ४३ हजार ९९५ जनालाई घर क्षतिग्रस्त भएकाले राज्य संचालित राहत केन्द्रमा सारिएको छ । भारी वर्षा सोमबारदेखि सुरु भएको थियो र बुधबार मुख्य क्षेत्रमा अझ तीव्र वर्षा भएपछि देशभर बाढीको अवस्था झन् गम्भीर बनेको छ । शुक्रबार साँझ केलानी नदीको तटवन्ध भाँचिँदा धेरै मानिसहरू अस्थायी शिविरमा सारिनु परेको थियो । देशका अधिकांश भागमा वर्षा कम भए पनि उत्तरतर्फका केही क्षेत्रमा अझै पानी परिरहेको छ । भारतले पीडितहरूको लागि आवश्यक राहत सामग्री पठाइसकेको छ र आवश्यक परे थप सहयोगका लागि तयार रहेको अधिकारीहरूले जानकारी दिएका छन् । सरकारले उद्धार र राहत कार्यलाई अझ सुदृढ बनाउन सैनिक बल परिचालन गरेको छ, केन्द्रका अधिकारीहरूले बताएअनुसार बाढीको स्तर सन् २०१६ भन्दा बढी हुने अनुमान गरिएको छ, जब ७१ जनाको मृत्यु भएको थियो । सन् २००० पछि श्रीलङ्कामा आएको सबैभन्दा ठूलो बाढी सन् २००३ को जूनमा भएको थियो, जब २५४ जनाको मृत्यु भएको थियो ।

# एनपिएलमा लुम्बिनीको रोमाञ्चक जित

## प्लेअफमा पुग्ने सम्भावना कायमै

हाम्रा संवाददाता

**पाल्पा,** मंसिर १३/नेपाल प्रिमियर लिग (एनपीएल) टी-२० क्रिकेटमा लुम्बिनी लायन्सले रोमाञ्चक जित हासिल गरेको छ । शनिबारको पहिलो खेलमा लुम्बनीले पोखरा एभेन्जर्समाथि ३ विकेटको रोमाञ्चक जित हासिल गरेको हो ।

जित हासिल गरेसँगै लुम्बिनीले प्लेअफमा पुग्ने सम्भावनालाई जीवितै राखेको छ । पहिलो चार खेलमध्ये तीनमा हार बेहोरेको लुम्बिनी शनिबारको आफ्नो पाँचौ खेलमा जित्नैपर्ने दबाबमा थियो । उक्त जीतसँगै लुम्बिनी तालिकामा पाँच खेलबाट चार अङ्कसहित पाँचौ स्थानमा उक्लिएको छ । लुम्बिनीसँग हार बेहोरे पनि पोखराको प्लेअफमा पुग्ने सम्भावना भने जीवितै छ । पोखराले हालसम्म चार खेलमध्ये एकमा जीत निकालेको छ । अहिले पोखरासँग दुई अङ्क मात्रै छ । लुम्बिनीको सुरुआत राम्रो थिएन । ओपनरद्वय सुमित महर्जन शून्य र डीआरसी शट ७ रनमै आउट भए । श्रीलंकाबाट खेलिसकेका



निरोशान डिकवेलाको आमनले लुम्बिनीको मध्यक्रम हौसिएको थियो । उनले २२ बल खेली समान २ चौका र छक्कासाथ ३७ रन बनाए । दिलीप नाथ १० रनमै आउट भए । कप्तान रोहित पौडेलले सर्वाधिक ४० रन बनाए । उनले ३६ बल खेली ३ चौका र २ छक्का प्रहार गरे । गुलबदिन नैब ११ बल खेली २ छक्कासहित १७ र रुबेन ट्रम्पलमन एक छक्का प्रहार गरी ६ बलमा ९ रनमा आउट भए । पोखराका विपिन खत्रीले ४ ओभरमा १८, म्याट टेलरले ३.४ ओभरमा र सागर ढकालले ३ ओभरमा २४ रन खर्चेर २-२ तथा जिम्मी निसमले १ विकेट लिए । यसअघि एडम रोसिङटन र निसमको सानदार ब्याटिङमा पोखराले त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा निर्धारित २० ओभर खेली ५ विकेट गुमाई १ सय ५० रन बनाएको थियो । ८ ओभरमा ३३ रन बनाउँदा ४ विकेट गुमाइसकेको अवस्थामा रोसिङटन र निसमले पाँचौं विकेटमा ६२ बलमा ९२ रनको साझेदारी गरे । सोहि कारण पोखराले अन्तिम ५ ओभरमा ७६ रन जोडेको थियो । रोसिङटनले ६३ बल खेली ७ चौका र ५ छक्का प्रहार गरी ८१ रन बनाए । तिलकराज भण्डारीले उनलाई १९ औं ओभरमा आउट गरे । निसम ५१ रन बनाई अविजित रहे । उनले ३२ बल खेली समान ३ चौका र छक्का प्रहार गरे । किरण ठगुन्ना २ बल खेली १ रनमा अविजित रहे । ओपनर दिनेश खरेल ७ रन बनाई आउट भएका थिए । कप्तान कुशल भुर्तेल लगातार दोस्रो बलमा डक आउट भए । सुमित बर्मा पनि ५ बल खेली शून्यमै आउट भए । तृतराज दासले १ रनमात्रै जोड्न सके । लुम्बिनीबाट शेरले ४ ओभरमा २३ र तिलकले ४ ओभरमा २५ रन खर्चेर २-२ तथा नैबले ४ ओभरमा २० रन खर्चेर १ विकेट लिए ।

# एमालेले गर्‍यो देशैभर प्रतिनिधि छनौट

**पाल्पा,** मंसिर १३/नेकपा एमालेले महाधिवेशनका लागि देशैभर एकसाथ प्रतिनिधि छनौट गरेको छ । उसले पार्टीको एघारौँ महाधिवेशनका लागि प्रतिनिधि छनौट गरेको हो ।

जसका लागि मंसिर ११ गते मनोनयन दर्ता गरिएको थियो । केही क्षेत्रमा सर्वसम्मत रुपमा प्रतिनिधि छनौट गरिएको छ भने केही क्षेत्रमा निर्वाचन गरेर प्रतिनिधि छनौट गरिएको एमालेले जनाएको छ । महाधिवेशनका लागि संघीय निर्वाचन क्षेत्रबाट खुला, महिला, दलित तथा युवाहरू सहित करिब २ हजार प्रतिनिधि छनौट गरिएको छ भने प्रवास, जनसंगठन र विभागहरूबाट करिब १ सय प्रतिनिधि छनौट हुने एमालेले जनाएको छ । प्रतिनिधि छनौटका लागि केन्द्रीय संगठन विभागले सिफारिस गरेको प्रस्तावलाई पार्टी सचिवालयले यस अघि पास गरेर मातहतका कमिटीमा पठाएको थियो । त्यस्तैगरि केन्द्रीय कमिटीबाट ३५४ जना स्वत: महाधिवेशन प्रतिनिधि हुने व्यवस्था छ भने अनुशासन आयोगबाट २९, लेखा आयोगबाट ३०, निर्वाचन आयोगबाट २५, सल्लाहकार परिषद्बाट २५ जना प्रतिनिधि गरी जम्मा ४६४ जना स्वत: प्रतिनिधि हुने एमालेले जनाएको छ ।

# तीन वर्षमा तीन पटक म्याद थप : स्वास्थ्य चौकी भवन अधुरै

**गलकोट (बागलुङ),** मंसिर १३/एक वर्षभित्र सक्नेगरी निर्माण थालिएको नारायणस्थान स्वास्थ्य चौकीको भवन तीन वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन ।



साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएको बागलुङ नगरपालिका-१४ स्थित नारायणस्थान स्वास्थ्य चौकीको भवन कहिले सम्पन्न हुन्छ भन्ने अझै टुङ्गो लाग्न सकेको छैन । निर्माण व्यवसायीको लापरवाही र ढिलासुस्तीका कारण तीन वर्ष बित्दासमेत भवन निर्माण अधुरै छ । अहिले उक्त भवन ढलान र पर्खालको काम मात्रै सकिएको छ । संघीय सरकारको विशेष अनुदानमा निर्माण थालिएको भवन अझै सम्पन्न नभएको बागलुङ नगरपालिकाले जनाएको छ । विसं २०७९ माघ ६ गते एक वर्षमा सक्ने गरी निर्माण थालेको भवन अझै सम्पन्न हुन नसकेको बागलुङ नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले जानकारी दिए । उनका अनुसार दुई पटक थपेको म्यादसमेत अहिले सकिएकाले भवन निर्माणमा अझै अन्योलता छाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# सुधारिँदै पर्यटन क्षेत्र

पछिल्लो समय पर्यटन क्षेत्रमा सुधार हुँदै गएको छ । जेनजी आन्दोलनको प्रभाव क्रमशः कम हुँदै गएको र पर्यटकीय मौसम सुरु भएकाले पर्यटन क्षेत्रमा सुधार हुँदै गएको पाइन्छ । अहिले विदेशी पर्यटकको आगमन बढेको छ । नेपालमा गएको महिनामा सवा १ लाखको संख्यामा विदेशी पर्यटक आएका थिए । नोभेम्बर र डिसेम्बर महिना पर्यटकका लागि उपयुक्त सिजन भएका कारण पनि पर्यटनहरुको आवागमन बढ्दो छ । जसले गर्दा पर्यटकीय क्षेत्रका होटलहरु भरिभराउ हुन थालेका छन् । घुम्न नेपाल आउने विदेशी पर्यटकको संख्याले नेपाली पर्यटन बजारमा थप उत्साह बढाउँदै गएको छ । पछिल्लो समय हवाई मार्ग र स्थलमार्ग भएर नेपाल भित्रिने पर्यटकको संख्या बढ्दै गएपछि पर्यटन व्यवसायीसमेत हौसिएका छन् । केही दिन यता पाल्पाका पर्यटकीय स्थलहरुमा विदेशी पर्यटकहरुको चहलपहल बढ्दो देखिएको छ । यसले थोरै भए पनि जिल्लाका व्यवसायीहरुलाई उत्साह जगाएको छ ।

सेप्टेम्बरदेखि नोभेम्बर मध्यसम्मको समयलाई विदेशी पर्यटक आउने सिजन मानिन्छ । त्यसबाहेक अर्को सिजन फेब्रुअरीदेखि अप्रिलसम्म मानिन्छ । त्यसैले पनि त्यो बिचमा पर्यटकहरुको आगमन बढेको पाइन्छ । यसलाई सकारात्मक मान्नुपर्छ । तर आएका पर्यटकहरुको बसाईलाई लम्ब्याउने दिशामा सम्बन्धित निकायको ध्यान जान सकेको छैन् । यो भने अत्यन्त दुखको कुरा हो । पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटकीय पूर्वाधारको विकास निकै महत्वपूर्ण छ । नेपालले धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गरी थप आकर्षक गन्तव्यको विकास गर्नुपर्छ । पर्यटकलाई सांस्कृतिक सम्पदासँग जोड्ने आकर्षक कार्यक्रम बनाउनुपर्छ । यसका साथै, स्थानीय उत्पादनलाई पर्यटकीय उपजका रूपमा प्रवर्द्धन गरी अग्र र पृष्ठ सम्बन्ध विकासमा जोड दिनुपर्छ । तर पछिल्लो समय पर्यटन क्षेत्रलाई प्राकृतिक विपत्तीले मात्र नभएर बन्द, हडताल, राजनीतिक धर्ना, जुलुसजस्ता गतिविधिले पनि बिथोलेको छ । यसैका कारण पनि विदेशीले राख्ने यात्रा सुझाव नकारात्मक हुने गरेका छन् जसलाई हटाउन सरकारले समेत पर्याप्त कूटनीतिक पहल गरिरहेको छैन । त्यसैले पनि सरकार र राजनीतिक दलहरूले राजनीतिक किचलोका कारण उत्पन्न हुने यस किसिमका बन्द, हडतालजस्ता गतिविधि नहुने वातावरण बनाउँदै आर्थिक समृद्धिको बाटोतिर लम्किने पहल गर्नुपर्छ । त्यसो भयो भने अर्थतन्त्रका सूचकहरूमा सुधार आउने छ । यसका साथै कुल गार्हस्थ उत्पादनमा उल्लेख्य योगदान रहेको र लाखौंको रोजीरोटीसँग जोडिएको पर्यटन क्षेत्रको सुधारमा पनि उत्तिकै ध्यान दिन आवश्यक छ । त्यसका लागि राष्ट्रियस्तरमा पर्यटन क्षेत्रको सुधारका कार्यक्रमहरू ल्याउँदै अन्तर्राष्ट्रिय समुदायसमक्ष त्यसको व्यापक प्रचार प्रसार गर्न जरुरी छ ।

## Opinion @ Socia Network

जो व्यक्तिको रिस आगो जस्तै हुन्छ
विश्वास् गर्नु त्यो व्यक्तिको मन सबै भन्दा कोमल हुन्छ ।
*(राजन शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Rajan.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विदेशबाट मतदान कति संभव ?



युवराज गौतम

***प्रदेश वा संघीय संसद, समानुपातिक मात्रै कि प्रत्यक्ष निर्वाचनको अधिकारका विषयमा स्पष्ट भइ सोही अनुरुपको मतपत्रको व्यवस्था गर्न निर्वाचन आयोग सक्षम छ कि छैन भन्ने विषय प्रधान बन्नसक्छ ।***

मुलुकमा यतिबेला प्रतिनिधि सभा निर्वाचनको तयारी भइरहेको छ । आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा विदेशमा बस्ने नेपालीलाई कसरी सहभागी गराउनेभन्नेबारे व्यापक बहस छ । हुनत निर्वाचन लोकतन्त्रको महायज्ञ हो । यस्तो महायज्ञमा देशका सबै नागरिकको अनिवार्य सहभागिता आवश्यक ठानिन्छ । लोकतन्त्रको सुन्दरता भनेको पनि हरेक निर्वाचनमा हरेक नागरिकको समान सहभागिता हुनुपर्छ भन्ने हो । निर्वाचनमा कोही पनि नागरिक छुट्नुलाई न्यायिक मान्न सकिँदैन । किनकी नेपालमा राणा कालमै पनि प्रधानमन्त्री पद्मशमसेर राणाले 'म्युनिसिप्यालिटी'को निर्वाचन गराएका थिए र काठमाडौंबासीलाई मतदानमा सरिक गराएका थिए । अन्तर्राष्ट्रिय जगतमा आएको स्वाधीनता र स्वतन्त्रताको लहरबाट अलग हुन नसक्ने भएपछि राणाले मताधिकारको प्रयोग गराएका थिए। राणा कालमा विश्वमा लोकतन्त्रको लहर आइसकेकाले निर्वाचन अनिवार्य मानियो । त्यसैले त्यसबेला मताधिकारको प्रयोगबारे बसह सुरु भइसकेको तथ्य पाइन्छ । मताधिकारले धनी–गरीब, बर्ग, समूदाय केही भन्दैन । सबैको समान सहभागीता हुनुपर्छ भनिन्छ । शासन व्यवस्थाका लागि योग्य प्रतिनिधि चयन गर्न मतदानमा सबैको सहभागिता खोज्ने चलन छ । विशेषत यतिबेला बसहको विषय भने विदेशमा बस्ने करिब ६० लाख नेपालीलाई मताधिकार कसरी दिलाउने भन्ने हो ।

गैर आवसीय नेपाली संघ( एनआरएनए), राजनीतिक दल सम्बद्ध विदेशका भातृ संगठनहले विदेशमा बस्ने नेपालीहरुका निम्ती विशेषगरी नागरिकता र मताधिकारको विषयलाई जोडतोडले उठाइरहेका छन् । हुनत मत हाल्ने अधिकार नागरिकको मौलिक अधिकार हो यस विषयमा को नागरिक कुन भूगोलमा बस्छ भन्ने कुराले प्रभावित नहुनु पर्ने हो । किनकी पाँच वर्षअघि नै सर्वोच्च अदालतले कानुनी व्यवस्था गरी विदेशमा रहेका नेपालीलाई मताधिकार दिन निर्देशनात्मक आदेश दिइसकेको छ । अदालतको आदेश र नेपालको संविधानले व्यवस्था गरेको अधिकार विश्वभरका नेपाली नागरिकका लागि हर्षको विषय हो । तर, जब देशमा आवधिक निर्वाचनको प्रसंग चल्छ वा निर्वाचन नजिकिन्छ विदेशका नेपालीका लागि मताधिकारको बहस चर्किन्छ । निर्वाचन सकिन्छ, मताधिकारको कुरा सेलाउँछ । करिब डेढ दशकदेखि यही क्रम चलिरहेको छ निरन्तर । नेपालका सबै राजनीतिक दलले आफ्नो चुनावी घोषणा पत्रमा मताधिकारको मुद्दा प्राथमिकताका साथ उठाउने गरेका छन् । दलले चुनावी घोषणापत्रमा विदेशमा रहेका नेपालीलाई मतदानको अवसर दिने प्रस्ताव अनिवार्य ठानेका छन् । यस सन्दर्भमा विभिन्न निकायले उपयुक्त बाटो देखाइदिइरहेका छन् । जेनजी पुस्ताले पनि यस पटक मताधिकारको कुरा जोडतोडले उठाइरहेका छन् । तर, कानुनी जटिलता फुकाउने सवालमा अन्तरिम सरकारले कसरी काम गर्छ? त्यो भने हेर्न बाँकी छ । हुनत नेपालको पहिलो आम चुनावमा नै विदेशमा रहेका नेपालीलाई मताधिकारको कुरा उठेको तथ्य पाइन्छ । वि.सं. २०१५ सालको चुनावमा कांग्रेस र कम्युनिष्टले आफ्नो घोषणापत्रमा 'प्रवासबाट भोट' भनेर चुवानी प्रचार नै गरेका थिए । त्यसयता विश्वका एकसय बढी देशमा नेपाली पुगिसकेका छन् । ८७ देशमा एनआरएनए नै विस्तार भएको छ । यकिन तथ्यांक नभए पनि विश्वभर लगभग ६० लाख नेपाली बसोबास गर्छन् । ६० लाख नेपाली मताधिकारबाट बन्चित हुनु भनेको दुर्भाग्यपूर्ण कुरा हो । सर्वोच्च अदालतले निर्देशन जारी गरेको पाँच वर्ष वितिसक्दा पनि विदेशमा रहेका नेपाली नागरिकले निर्वाचनमा भाग लिन पाउने सम्भावनालाई विगतका सरकारले प्राथमिकतामा दिनै सकेनन् । निर्वाचन आयोग र सरकारले संभाव्यता अध्ययन मात्र गरेको छ । कानून बनाएर प्रक्रिया अघि बढाएको छैन । मताधिकारको प्रयोग त गर्ने तर कुन विधि प्रक्रियाबाट गर्ने भन्ने प्रष्ट छैन । किनकी नेपालमै सबै नागरिकलाई मतदानमा सरिक गराउन निर्वाचन आयोगलाई हम्मे परिरहेको छ । विदेशमा रहेका मतदाता मतदान गर्न तोकिएको स्थानमा पुग्छन वा जुनसुकै भुगोलबाट भए पनि मतदानमा सहभागी हुन्छन् भन्ने प्रश्न गम्भीर छ । विदेशको कुरा छाडौं स्वदेशमै रहेका कति मतदाता मत खसाल्न जान्छन वा निर्वाचनमा सहभागी हुन्छन्, यो अध्ययनको विषय हो । विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रदान गर्ने सवालमा शीर्ष राजनीतिक दल सैद्धान्तिक रुपमा गम्भीर देखिन्छन् । सरकारले पनि यस विषयमा विभिन्न छलफलहरु चलाइरहेको छ । मतदान गर्ने काम संवेदनशील भएकाले कुन विधि र प्रक्रिया अपनाउने भन्नेमा अन्योल छ । जहाँ इच्छा त्यहाँ उपाय भनेजस्तो यसमा असम्भव भने पक्कै छैन । मात्र इच्छाशक्तिको खाँचो छ । २०३६ सालको जनमतसंग्रहमा सरकारले विदेशमा रहेका नेपालीरुलाई मतदान प्रक्रियामा सहभागी गराएको इतिहास छ । त्यो नजिर आजका लागि सान्दर्भिक हुनसक्छ । त्यसबेला भारत, अष्ट्रेलिया, जापान, बेलायत र अमेरिका र एसियाको केही देश गरी नौवटा देशमा रहेको नेपालीहरूले विदेशबाट मतदान गरेका थिए । नेपालका ट्रेड युनियन संस्थाहरुले विदेशमा बसोबास गर्दै आएका नेपालीलाई मतदान प्रक्रियामा सहभागी गराउन आधा दर्जन प्रतिवेदन सरकारलाई बुझाइसकेको तथ्य छ । निवर्तमान संसदको अन्तर्राष्ट्रिय श्रम व्यवस्थापन समितिको संसदीय टोलीले २०७२ सालमा खाडी मुलुक र मलेसियासहितका अन्य देशमा रहेका नेपालीहरुलाई कसरी मतदान प्रक्रियामा सहभागी गराउन सकिन्छ भनी अध्ययन गरेर सरकारलाई बुझाइसकेको छ । निर्वाचन आयोगले पनि २०६९ साल र त्यसपछिका बर्षहरुमा पटक पटक विभिन्न देशमा पुगेर अध्ययन गरेर प्रतिवेदन सरकारलाई बुझाइसकेको छ। ति अध्ययनहरुको निष्कर्ष मताधिकार तत्काल संभव नभएको र प्रक्रिया कठिन भएको यद्यपी प्रयास जारी राख्नुपर्ने भन्ने थियो । यता, राजनीतिक दलहरु निर्वाचनसम्बन्धी एकीकृत ऐन र नियमावली जारी गरी मताधिकार प्रदान गर्नुपर्ने पक्षमा छन् । तर प्रक्रिया अघि बढाउन सबै निकाय तइँ चुप, मैं चुपको अवस्थामा छन् । कानून निर्माण गर्न र रणनीति बनाउन सबै निकाय चुपचाप छन् । कारण, विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउने विषय सामान्य होइन । गम्भीर र संवेदनशील बिषय हो । कानूनी, व्यवहारिक र आर्थिक व्ययभारको समस्याहरु प्रशस्त छन् ।

**मताधिकारको संभावना :** विदेशमा बस्ने नेपालीहरुका लागि मतदानको व्यवस्था मिलाउने विषय बढी झन्झटिलो छ । तत्कालीन अवस्थामा नेपाली दूतावास र नियोगमा मतदान केन्द्र स्थापना गरिएमा बाहेक विदेशमा रहेका नेपालीले निर्वाचनमा भाग लिन पाउने अवस्था देखिँदैन । नेपालीहरु छरिएर रहेका करिब १ सय ४० देश सबैमा नेपाली दूताबास वा नियोगहरु स्थापना भएका छैनन् । त्यसो हुँदा विश्वभरका सबै नेपालीले मतदानको अधिकार प्रयोग गर्छन भन्नेमा ग्यारेन्टी छैन । कतिपयले हुलाकमार्फत मतदान, दूतावास तथा कन्सुलरको कार्यालयमा मतपेटिका राखेर गरिने मतदान, कोडको प्रयोग गरेर मोबाइलबाट गरिने मतदान, आइ–भोटिङ (इन्टरनेटमा आधारित मतदान)लगायतका विकल्पहरु भए पनि विश्वसनीय नहुने, खर्चिलो हुने र मतदाताहरुको सहभागीता नहुने चुनौतिहरु थपिएका छन् । विकासोन्मुख देशहरुले विदेशमा रहेका आफ्ना नागरिकहरुलाई मताधिकार दिन सकेको तथ्य न्यून मात्र पाउन सकिन्छ । कतिपय देशले प्रक्रिया नै स्थगित गरेका छन् । एकाध बाहेक अधिकांश विकासशिल देशहरुले पनि मताधिकारका सवालमा त्यति चिन्तित भएको पाइँदैन ।

**प्रक्रिया जटिल :** मतदान वा मताधिकारका लागि विभिन्न विकल्पहरु रहे पनि तत्कालै नेपालले ति विकल्पहरुको अंगाल्न सक्ने परिस्थिति देखिएको छैन । मतदाता नामावली संकलन देखि आधिकारिक कागजपत्र व्यवस्थापनका सवालमा पनि थुप्रै जटिलताहरु देखिएका छन् । किनकी गैर आवसीय नेपालीहरुलाई नागरिकता प्रदान गर्ने विषय नै थातीको अवस्थामा छ। यी सबै विषयका लागि प्रथमत: राष्ट्रिय नीति आवश्यक पर्छ । हचुवामा प्रक्रिया अघि बढाउँदा बीचैमा दुर्घटना निम्तिने खतरा पनि देखिन्छ । क्षेत्राधिकारका सवालमा पनि प्रष्ट हुनु जरुरी छ । मतदान अधिकार स्थानीय तह, प्रदेश सभा र संघीय संसदमध्ये कुन–कुनमा दिने भन्ने प्रस्ट हुनुपर्ने देखिएको छ । प्रदेश वा संघीय संसद, समानुपातिक मात्रै कि प्रत्यक्ष निर्वाचनको अधिकारका विषयमा स्पष्ट भइ सोही अनुरुपको मतपत्रको व्यवस्था गर्न निर्वाचन आयोग सक्षम छ कि छैन भन्ने विषय प्रधान बन्नसक्छ । सम्बन्धित देशको स्वीकृती लिने सवालमा पनि ठूला चुनौतिहरु देखिएका छन् । कतिपय देशमा निर्वाचनकै अधिकार नभएकाले यस्तो अवस्थामा नेपालीहरुका लागि कसरी व्यवस्थापन गर्न सकिन्छ, त्यसको अध्ययन हुनु जरुरी छ । मताधिकार कसलाई र के कागजातका आधारमा दिने भन्ने विषय थप पेचिलो बनेको छ । विभिन्न प्रकृतिका नेपालीमध्ये विद्यार्थी, कामदार, पिआरवाला, सम्बन्धित देशको नागरिकता लिइसकेका नेपाली साथै अवैध रुपमा बसोबास गरिरहेका सवालमा के गर्ने भन्ने विषय गम्भीर छ । मतपेटिकाको सुरक्षा र जनशक्ति व्यवस्थापन झनै कठिन देखिन्छ । सबै देशमा कर्मचारी व्यवस्थापन गर्न सरकारको ढुकुटीले धान्न नसक्ने प्रष्ट छ । निर्वाचन अनुगमन तथा पर्यवेक्षण, मतदाता शिक्षा आदीको सवाल थप जटिल देखिएको छ । साथै सबैभन्दा ठूलो समस्या भनेको आर्थिक व्यवस्थापन देखिन्छ । विदेशमा मतदानको व्यवस्था मिलाउने कुरा शून्यदेखि सुरु गर्नुपर्छ । त्यसका लागि निर्वाचन आयोगले कानुन संशोधनलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । निर्वाचन गराउन र मताधिकार दिने सवालमा आयोगसमक्ष एकै पटक सबै देश र स्थानमा मतदानको व्यवस्था गर्न प्राविधिक र व्यवस्थापकीय जटिलता देखा परेका छन् । व्यवस्थापकीय, सञ्चालन, राजनीतिक, नीतिगत र सुरक्षाको विषय प्रमुख चुनौती छन् । नामावली दर्ता र अन्तिम नामावली प्रकाशनको अर्को जटिलता छ । कूटनीतिक नियोगमा जनशक्तिको अभाव र गैरआवासीय नेपाली संघमा देखिएको विभाजनको अवस्थाले स्रोत जुटाउन अर्को चुनौति देखिने प्रष्ट छ । यि सबै जटिलता र चुनौतिसँग जुधेर मताधिकार दिलाउन आयोगले तत्कालै एक्सन लिनुपर्छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वासमा वृद्धि हुनेछ। नयाँ काम प्रारम्भ गर्ने समय रहेको छ। | **तुला** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। कर्मक्षेत्रमा गरेको कार्य सिद्ध हुनेछ। |
| **वृष** : आर्थिक मुद्दा मामलाहरूमा सावधानी अपनाउनुहोस्। इनाम दिलाउने छ। | **वृश्चिक** : व्यापार व्यवसायमा र परिवार मा आइरहेका समस्याको समाधान हुनेछ। |
| **मिथुन** : उच्चपदासीन व्यक्तिसँग भेटघाट लाभदायी रहनेछ। शैक्षिक गति हुनेछ। | **धनु** : भविष्यलाई लिएर नयाँ योजनाहरू कोरिनेछन्। कामले गति लिनेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा सन्तुलन बनाएर र ख्नुहोस्। भावनामा कुनै निर्णय नलिनुहोला। | **मकर** : कामको खोजीमा आफन्तबाट टाढिनुपर्ला। नसोचेको धन प्राप्त होला । |
| **सिंह** : काममा नेतृत्व क्षमता देखिनेछ। पद प्रतिष्ठामा वृद्धि हुने संकेत छन्। | **कुम्भ** : सामाजिक पद प्रतिष्ठामा वृद्धि हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **कन्या** : योजनाहरू सफल रहनेछन्। स्वास्थ्यमा हल्का थकान महसुस हुनेछ। | **मीन** : असमझदारी बढ्नेछ। यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं। |

## कृषि

# मुस्ताङमा आलुको उत्पादन क्षेत्र विस्तार



मुस्ताङ यहाँको पाँच स्थानीय तहमा रु ६२ करोड ८२ लाख ३५ हजार ४०० बराबरको आलु उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा यहाँका पाँच स्थानीय तहको चार सय ७८ हेक्टर क्षेत्रमा नौ हजार ६६५ मेट्रिक टन आलु उत्पादन भएको हो । कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङले गत वर्षको तुलनामा चालु वर्ष आलुको उत्पादकत्व र उत्पादन क्षेत्र आंशिक रूपमा विस्तार हुँदा रु ११ करोड ८४ लाख ७५ हजार ४०० बराबरको आलु उत्पादन वृद्धि भएको जनाइएको छ । केन्द्रका अनुसार चालु आवमा प्रतिहेक्टर २० दशमलव २२ मेट्रिक टन आलु उत्पादन भएको हो । गत वर्षभन्दा चालु वर्ष आलु उत्पादनको क्षेत्र १८ हेक्टर वृद्धि भएको हो । त्यसैगरी, गत वर्षको तुलनामा चालु आवमा यहाँ प्रतिहेक्टर करिब दुई मेट्रिक टन आलु उत्पादन वृद्धि भएको छ । चालु आवमा जिल्लाका किसानले फार्म गेट औसत मूल्य प्रतिकेजी रु ६५ मा बिक्री भएकाले सोहीअनुसार कुल उत्पादन मूल्यको लेखाजोखा गरिएको केन्द्र प्रमुख गुरुङको भनाइ छ । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइको संयुक्त समन्वय र सहकार्यमा स्थानीय तहका कृषि प्राविधिकको उपस्थितिमा गरिएको क्रपकटिङ विधिबाट आलु उत्पादनको लेखाजोखा गरिएको उनले बताए । उनका अनुसार माथिल्लो मुस्ताङ, मध्यमुस्ताङ र तल्लो मुस्ताङलाई तीन क्षेत्रमा विभाजन गरी त्यहाँका विभिन्न आलु उत्पादनकर्ता किसानको खेतबारीमा पुगेर धेरै फल्ने, मध्यम फल्ने र कम फल्ने आलुको उत्पादन तथ्याङ्क सङ्कलन गरी औसत उत्पादनको मापन गरिएको छ । गत वर्ष जिल्लाका पाँच स्थानीय तहमा गरी कुल चार सय ६० हेक्टर क्षेत्रमा आठ हजार ४९६ मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । गत वर्ष यहाँ प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत आलु उत्पादन भएको थियो । केन्द्रका अनुसार गत वर्षको तुलनामा चालु वर्षमा १३ दशमलव ७६ प्रतिशत स्याउ उत्पादन भएको छ । त्यसैगरी, गत वर्ष चालु वर्ष एक हजार १६९ मेट्रिक टन आलु उत्पादन वृद्धि भएको केन्द्र प्रमुख गुरुङले बताउनुभयो । गत वर्ष मुस्ताङमा प्रतिकेजी रु ६० मा आलु बिक्री भएकामा चालु वर्ष रु पाँच वृद्धि भई रु ६५ मा बिक्री भएको उहाँको भनाइ छ । चालु आवमा यहाँका पाँच स्थानीय तहमा उत्पादन भएको आलुमध्ये ६० प्रतिशत जिल्ला बाहिर, ३० प्रतिशत जिल्लाभित्र र १० प्रतिशत बीउ प्रयोजनका रूपमा खपत भएको हो । यहाँ घरायसी प्रयोजन र होटल रेष्टुराँमा एकतिहाइ आलु खपत हुने गरेको केन्द्र प्रमुख गुरुङले जानकारी दिए । यहाँ स्याउबालीभित्र अन्तरबालीका रूपमा पनि आलुखेती गर्ने गरिएको छ । हिमाली जिल्ला उच्च भूगोलको चिसो हावापानीमा उत्पादन हुने मुस्ताङी आलु स्वादिलो र पोषिलो हुन्छ । मुस्ताङको आलु तरकारी, उसिनेर तथा साँधेर खाने प्रचलन छ । यहाँ उत्पादन गरिने लोकल सेतो आलु सहरबजारका उपभोक्ता तथा जिल्लामा आएका पर्यटकले औधी रुचाउने गर्छन् । सहरबजारका थकाली भान्साघर होस् वा ठूला तारेहोटलमा किन नहोस् मुस्ताङी आलु आमउपभोक्तामाझ स्थापित भइसकेकाले पनि मुस्ताङी आलुको माग अधिक छ । पछिल्लो समय कोरला सडक सहज हुँदै जान थालेपछि मुस्ताङी स्याउपछि आलुको माग बढेको घरपझोङ-४ जोमसोमका किसान अजित थकालीले बताए । *-रासस*


# माडीले थाल्यो किसान सूचीकरण



माडी नगरपालिकाले किसानको सूचीकरण गर्न शुरू गरेको छ । पहिलो पटक पालिकामा किसान सूचीकरण गर्न लागिएको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालका अनुसार अहिले किसान सूचीकरणका लागि गणक नियुक्तिको प्रक्रिया शुरू गरिएको छ । गणक नियुक्तिसँगै सूचीकरणको काम शरू गरिने उनले जानकारी दिए । यसका लागि किसान सूचीकरण सहजकर्ता १० जना नियुक्ति गरेर काम गर्न लागिएको हो । उनीहरूले तीन महिनासम्म सबै किसानको घरघरमा पुगेर तथ्याङ्क सङ्कलन गर्नेछन् । यस पालिकामा १० हजार बढी घरधुरी छन् । तीमध्ये सात हजार बढी घरधुरी किसान रहेका अनुमान नगरपालिकाले गरेको छ । प्रशासकीय अधिकृत भुसालले भने, 'वास्तविक किसानको सङ्ख्या कति छ र कुन किसानको जमिन कति छ भन्ने तथ्याङ्क सङ्कलनका लागि काम गर्न लागेका हौं ।' उनका अनुसार यो सूचीकरणले कृषकको वास्तविकता, अवस्था कस्तो छ भन्ने विस्तृत अध्ययन गरिने छ । सूचीकरण गरी सकेपछि सेवा प्रवाह गर्न र योजना बनाउनमा सहयोग पुग्ने भुसालले बताए । उनका अनुसार किसान लक्षित योजना र उनीहरूको आवश्यकता पूरा गर्नका लागि सूचीकरणले टेवा पुग्ने छ । किसानका लागि आवश्यक पर्ने मल, बीउ वितरणदेखि सबै किसिमका काममा सहयोग पुग्ने उनले बताए ।

*-हाम्राकुरा डटकम*

# एउटै गोठमा ५७ वैदिक गाई संरक्षण



बागलुङको मालिकामा एकै स्थानमा ५७ वटा गाई पालिएको छ । हिन्दु धर्ममा भगवानको स्वरूप मानेर पूजा गरिँदै आएका स्थानीय प्रजातिका वैदिक गाईको संरक्षणका लागि संरक्षण केन्द्र नै सञ्चालन गरेर पालिएको हो । विसं २०७२ मा जिल्ला प्रशासन कार्यालयमा गण्डकी गोपाल गौवंश संरक्षण केन्द्र दर्ता गरेर बागलुङ नगरपालिका-५ मालिकामा वैदिक गाई पाल्न सुरु गरिएको थियो । अनन्तश्री विभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाको परिकल्पनामा निर्मित गौवंश संरक्षण केन्द्र स्थापना गरिएको थियो । विसं २०७२ मा पर्वतको जलजला गाउँपालिका-७ स्थित धाइरिङको गण्डकी गोपाल गौशालाबाट एउटा गाई हेलिकप्टरमा ल्याएर सुरुआत गरिएको गौवंश संरक्षण केन्द्रमा यति बेला एउटा साँढेसहित ५७ वटा गाई छन् । स्थानीयको नि:शुल्क प्राप्त ८२ रोपनी जमिनमा करिब आठ लाखका संरचना निर्माण गरिएको छ । स्थानीय प्रजातिका वैदिक गाई संरक्षण मात्र होइन, गाईको गहुँत प्रशोधन गरेर आयुर्वेद औषधि बनाउने तयारीसमेत गरिएको संरक्षण केन्द्रका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताए । "संरक्षण केन्द्रका गाई बिहान एकपटक मात्र दुहिन्छ, त्यो पनि बाच्छाबाच्छी अघाएपछि, यहाँका बाच्छाबाच्छी दाम्लोमा बाँधिन्न, चौबीसै घण्टा खुला छोड्छौं", अध्यक्ष आचार्यले भने, "संरक्षण केन्द्रका परिकल्पनाकार मुक्तिनाथ बाबाको इच्छाअनुसार बाच्छाबाच्छी अघाएपछिमात्र बिहान एक छाक दूध दुहुने हो, साँझमा दुहुने चलन छैन ।" थोरैथेरै भएको दूध घ्यू पूजापाठमै प्रयोग हुन्छ । पछिल्लो समय गाउँघरमा जर्सी गाई पाल्नेहरू बढ्दैछन् । स्थानीय प्रजातिका गाई देख्नै मुस्किल छ । संरक्षण केन्द्रमा स्थानीय प्रजातिका गाई सङ्ख्या बढ्दै जाँदा धार्मिक पर्यटकको सङ्ख्या पनि बढ्दै छ । बागलुङको पञ्चकोट घुम्न जाने अधिकांश पर्यटक गौवंश संरक्षण केन्द्रमा समेत पुग्न थालेको पञ्चकोट विकास परिषद् बागलुङका अध्यक्ष जगन्नाथ आचार्यले बताए । संरक्षण केन्द्रका अध्यक्ष आचार्यले भने, "तिहारको गाईपूजामा गाई पुज्नेहरूको भीड नै लाग्यो, डेढ लाख त भेटीमात्र उठ्यो । एकैठाउँमा स्थानीय प्रजातिका धेरै गाई भएपछि तिहारमा मात्र होइन अन्य समयमा पनि पाठपूजा, वैतरणी गर्न आउनेहरूको सङ्ख्या बढ्न थालेको छ । गाईको गहुँतसमेत लिन आउनेको सङ्ख्या बढ्दो छ ।" उनका अनुसार यहाँका गाईलाई कृत्रिम गर्भाधान गराउन पाइँदैन । गाईको गोबरबाट निकट भविष्यमा धूप निर्माण गर्ने योजना रहेको अध्यक्ष आचार्यको भनाइ छ । गौवंश संरक्षण केन्द्र पञ्चाकोट विकास परिषद्को सहयोगमा चल्दै आएको छ । गाईको रेखदेख र हेरचाहका लागि पाँच जना गौ सेवक खटिएका छन् । घाँस काट्ने, गोबर सोर्ने, दानापानी खुवाउने काममा खटिने गौसेवकलाई पारिश्रमिक पञ्चकोट विकास परिषद्ले उपलब्ध गराउँदै आएको छ । संरक्षण केन्द्रका गाईलाई बागलुङ नगरपालिकासँगै काठेखोला, जैमिनी र पर्वतबाट समेत स्थानीयले नि:शुल्क पराल उपलब्ध गराउँदै आएका छन् । *-रासस*

# पौवादुङमाका किसान व्यावसायिक किबी खेतिमा



भोजपुर पकेट क्षेत्र घोषणा गरी गाउँपालिकाले लगानी बढाएपछि भोजपुरको पौवादुङमाका किसान व्यावसायिक किबीखेतीतर्फ आकर्षित भएका छन् । श्यामशिलाका १७ किसान अहिले सङ्गठित रूपमा किबी उत्पादनमा जुट्दै दिगो आयस्रोतको नयाँ सम्भावना निर्माण गरिरहेका छन् । यहाँका किसानले किबी बेचबिखन गरेर आम्दानीसमेत लिन थालेका छन् । भोजपुर-लेगुवा मुख्य सडकखण्ड आसपासमा पर्ने भएकाले यहाँका किसानले उत्पादन गरेको किबीको बेचविखनमा पनि सहजता छ । गाउँपालिकाले पकेट क्षेत्र निर्धारण गरेर किबीखेतीमा लगानी बढाएपछि यहाँका अधिकांशले व्यावसायिक किबीखेती गरिरहेको वडाध्यक्ष राजेन्द्र तामाङले जानकारी दिए । यहाँ गाईपालनको कार्यक्रम सञ्चालन भइरहेकाले उत्पादित गोबरको मलको सदुपयोग गर्दै किसान किबीखेतीमा जुटेको उनको भनाइ छ । "हाम्रो क्षेत्र किबीखेतीका लागि उपयुक्त भूगोल रहेको स्थान हो", वडाध्यक्ष तामाङले भने, "यहाँ गाउँपालिकाको अनुदान सहयोगमा पशुपालनको कार्यक्रम पनि सञ्चालन गरेका छौं । त्यही मलको सदुपयोग गर्दै किसानहरूले किबीखेती गर्दै आएका छन् ।" एकपटक विस्तार गरेपछि लामो समयसम्म आम्दानी लिन सकिने भएसँगै यो क्षेत्रका किसान व्यावसायिक किबीखेतीमा जुटेका हुन् । गाउँपालिकाले किसानको दिगो आयस्रोतका रूपमा विकास गर्न किबीलगायत बहुवर्षीय बाली विस्तारमा जोड दिएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताइन् । प्रशस्त घाँस पाइने क्षेत्र भएकाले यहाँ उन्नत जातका गाईसमेत वितरण गरिएको उनले जानकारी दिइन् । "हामीले यहाँ पशुपालन र फलफूलखेतीमा जोड दिएका छौँ", उपाध्यक्ष राईले भनिन्, "पशुपालनबाट उत्पादन भएको मलको सदुपयोग गर्ने लक्ष्यले किबीखेतीमा पनि सहयोग गरेका छौँ । नागरिकलाई आर्थिकसँगै पोषणमा जोड्ने हाम्रो सोच हो ।" गाउँपालिकाले भूगोल सुहाउँदो फलफूल तथा तरकारीखेतीमा जोड दिएको पौवादुङमा गाउँपालिका अध्यक्ष किरण राईले बताए । कृषिबाट आत्मनिर्भर बनाउने लक्ष्यका साथ किसानलाई व्यावसायिक खेती प्रणालीमा लाग्न सहयोगका कार्यक्रम सञ्चालन भइरहेको अध्यक्ष राईको भनाइ छ । "किसानको मुख्य आम्दानीको श्रोत नै कृषि हो", अध्यक्ष राईले भने, "श्यामशिलामा किबीको राम्रो सम्भावना रहेकाले पकेट क्षेत्र निर्धारण गरेका छौँ । अन्य स्थानमा कागती, आभोकाडोलगायत बालीका लागि कार्यक्रम सञ्चालन गर्दै आएका छौँ । गाउँपालिकाले सहयोगका कार्यक्रम सञ्चालन गरेसँगै किसान आयआर्जनमा जोडिएका छन् ।" गाउँपालिकाका किसानको मुख्य आम्दानीको स्रोत कृषि रहेकाले किसानलाई आवश्यकता तथा मागका आधारमा गाउँपालिकाले सहयोग गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । पशुपालनसँगै विभिन्न खेती प्रणालीमा जोडिएका किसानलाई आवश्यक तालिम तथा नियमित प्राविधिक सहयोग गर्दै आएको उनका भनाइ छ ।

*-इहिमालय टाइम्स डटकम*

# कृषि क्षेत्रको विकासको लागि देशभर कृषि सर्वेक्षण



**पाल्पा,** मंसिर १३/देशभर कृषि सर्वेक्षण सुरु भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सबै स्थानीय तह, प्रदेशको कृषि मन्त्रालयलगायत सरोकार भएका निकायसँगको समन्वयमा तथ्याङ्क सङ्कलन कार्य सुरु गरेको हो ।

सरकारले कृषि क्षेत्रको विकासका लागि हरेक वर्ष कृषि सर्वेक्षण गर्दै आएको छ । सोही अनुसार यस वर्ष पनि सरकारले सर्वेक्षण कार्यलाई निरन्तरता दिएको हो । मन्त्रालयले तथ्याङ्क लिँदा दोहोरो गणना हुन सक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने गरेको छ । कृषि उत्पादन, पशुपालन, लागत, बजारीकरण, आम्दानी, सिँचाइ, पूर्वाधारको अवस्थालगायत विस्तृत विषयवस्तुलाई तथ्याङ्क सङ्कलन गरिने छ । गणकले किसानसँग प्रत्यक्ष भेटेर कृषि सर्वेक्षण गरिरहेका छन् । नमूना विधिका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्कमा पहिलो चरणमा छ लाख किसान छनोट गरिने जनाइएको छ । तीमध्येबाट ५१ हजार किसान छनोट गरी कृषि क्षेत्रमा उनीहरूको अनुभव तथा सरकारबाट प्रवाह गरिएका सेवा, सहुलियतमा लक्षित वर्गको पहुँच तथा समस्या पहिचान गरी आधिकारिक तथ्याङ्क सङ्कलन गरिने छ । राष्ट्रिय जनगणना र कृषि गणनापछिको महत्वपूर्ण राष्ट्रियस्तरको कार्यक्रमका रूपमा कृषि सर्वेक्षणलाई लिइएको छ । देशभर तथ्याङ्क सङ्कलन भएपछि त्यसलाई थप अध्ययन गरी अन्तिम परिणाम आगामी पुससम्म सार्वजनिक गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयले सर्वेक्षण तथा तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं।

-कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
-स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
-कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
-आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
-आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
-कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
-कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
-कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
-युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
-कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।
कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## तीन वर्षमा...

"एक वर्षमा सकिने भवन तीन वर्षमा सकिएको छैन, दुई पटकसम्म थपेको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ, भवनमा प्लाष्टरको काम अझै सकिएको छैन, तिहार यता कामदार भवनमा देखिएका छैनन्" घर्तीले भने "भवन समयमा नबन्दा ठेक्का तोड्ने वा म्याद थप्ने विषयमा छलफल भइरहेको छ, नगरपालिकाले निर्माण व्यवसायीलाई धरौटी जफत गरेर भए पनि सम्पन्न गर्ने योजनामा छ ।" भवन निर्माणका लागि दोस्रो पटक थप गरिएको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ । निर्माण व्यवसायी डिएनप्रसाद जेभीसँग एक करोड ८२ लाखमा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवसायीले थोरै कामदार परिचालन गर्ने, सम्पर्क बिहिन हुने लगायतका कारण भवन समयमै बन्न नसकेको हो । नगरपालिकाकै नमूना स्वास्थ्य चौकीको रुपमा रहेको नारायणस्थान स्वास्थ्य चौकी अहिले साँघुरो भवनबाट सेवा प्रवाह भइरहेको स्वास्थ्य चौकीका प्रमुख ऋषिराम शर्माले जानकारी दिए । भवन सम्पन्न भए गुणस्तरीय सेवा प्रभाह गर्न सहज हुने उनको भनाइ छ । जनताले चन्दा उठाएर २१ लाख सङ्कलन गरी स्वास्थ्य चौकीको नाममा जग्गा खरिद गरेर भवन निर्माणका लागि काम थाले पनि समयमा भवन नबन्दा सेवा प्रवाहमा समस्या भएको शर्माले बताए ।

---रासस

## खेलकुद समाचार

### कर्णालीलाई हराउँदै विराटनगरको जीत



**काठमाडौं,** मंसिर १३/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा विराटनगर किङ्गसले कर्णाली याक्स ३ विकेटको रोमाञ्चक जीत हासिल गरेको छ । कर्णालीले दिएको १ सय ६१ रनको लक्ष्य पछ्याएको विराटनगरले १९ ओभर ५ बलमा ७ विकेट गुमाएर भेटायो । विराटनगरका बसिर अहमदले अविजित ६२ रन बनाए । यस्तै नारायण जोशीले २५ रन बनाए । कर्णालीका सोमपाल कामी र गुलशन झाले समान २, पवन सर्फ, विलियम वोसिस्टो र नन्दन यादवले समान १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ३ विकेट गुमाएर १ सय ६० रन बनायो । कर्णालीका प्रियांक पाञ्चालले ४७ बलमा ६३ रन, विलियम बोसिस्टोले ४८ बलमा नटआउट ४८ रन बनाए । विराटनगरका कप्तान सन्दीप लामिछाने र मर्चेन्ट डे लाङ्गेले समान १ विकेट लिए । यो जीतसँगै एनपीएल तालिकामा विराटनगर पाँच खेलमा ८ अङ्कसहित दोस्रो र कर्णाली चार खेलमा २ अङ्कसहित पाँचौ स्थानमा यथावत् छ । यस्तै शनिबार भएको पहिलो खेलमा काठमान्डु गोर्खाजले चितवन राइनोजलाई ५३ रनले हराएको छ । एनपीएलमा काठमान्डुको यो तेस्रो जीत हो । एनपीएलमा आठ वटा फ्रेन्चाइज टोली सहभागी छन् । यही मङ्सिर १ गतेदेखि शुरू भएको दोस्रो संस्करणको एनपीएल आउँदो २७ गतेसम्म चल्नेछ ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेपाललाई १० करोड डलर ऋण




**पाल्पा,** मंसिर १३/एसियाली विकास बैंक (एडीबी)ले नेपालमा १० करोड डलरबराबरको नीतिगत ऋण स्वीकृत गरेको छ । सार्वजनिक खर्च तथा ऋण व्यवस्थापन सुदृढ गर्ने उद्देश्यले एडीबीले नेपालका लागि ऋण स्वीकृत गरेको हो ।

सार्वजनिक खर्च तथा ऋण व्यवस्थापन सुधार्ने यो कार्यक्रममार्फत संघीय, प्रादेशिक तथा स्थानीय तहमा वित्तीय प्रणाली सुधार, स्रोत परिचालन, वित्तीय अनुशासन मजबुत पार्ने तथा स्थानीय स्तरमा सेवा प्रवाह प्रभावकारी बनाउने लक्ष्य राखिएको बताइएको छ । नेपाललाई प्राप्त उक्त ऋणले वित्तीय सहायता मात्र नभई नेपालको संघीय शासन प्रणालीलाई संस्थागत रूपमा सुदृढ बनाउने एक महत्वपूर्ण नीति-सुधार प्याकेजको रूपमा लिइएको छ । यस ऋणमार्फत संघीय, प्रादेशिक तथा स्थानीय तहमा सार्वजनिक खर्च व्यवस्थापन, ऋण व्यवस्थापन, स्रोत परिचालन तथा सेवा प्रवाह सुधारलाई दीर्घकालीन दिगो दिशातर्फ लैजाने लक्ष्य राखिएको छ । नेपालमा विगत केही वर्षदेखि सार्वजनिक संस्थानहरूको वित्तीय जोखिम, ऋण व्यवस्थापनमा असंगति, खर्चको अनावश्यक वृद्धि तथा संघीयता कार्यान्वयनमा देखिएका चुनौतीहरूले वित्तीय अनुशासनमा दबाब बढाउँदै आएका छन् । एडीबीको यो कार्यक्रमले यिनै कमजोरीहरूलाई सुधार्ने उद्देश्य राखेको बताइएको छ । एडीबीले स्वीकृत गरेको ऋण नेपाल राष्ट्र बैंकको शुक्रबारको बिक्री विनिमयदरअनुसार प्रतिडलर १ सय ४३ रूपैयाँले कुल १४ अर्ब ३२ करोड रूपैयाँ हुन आउँछ ।

एडीबीले नेपाललाई खर्च र ऋण व्यवस्थापन क्षेत्रमा सुधार गर्न सहयोग गर्दै आएको छ । कार्यक्रममा वित्तीय जोखिम र रणनीति प्रतिवेदनको स्वीकृति तथा त्यसको सञ्चालन, ऋण व्यवस्थापनमा पारदर्शिता र वार्षिक ऋण योजनाको कार्यान्वयन, सार्वजनिक संस्थानहरूको सुशासन र व्यवस्थापनमा सुधार, मध्यमकालीन सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको कार्यान्वयन समावेश छ । एडीबीले चाहेको कार्यक्रम नेपालको पाँच वर्षीय योजनासँग मिल्दोजुल्दो रहेको छ र यसअघिका एडीबीका नीतिगत सहुलियतपूर्ण सहयोगहरूलाई निरन्तरता दिँदै वित्तीय संघीयता तथा विकेन्द्रीकरण सुधारलाई थप मजबुत पार्ने अपेक्षा गरिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई